# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No. २०६८/०६९

मिति: २०७८।०८।०७

## पोखरा विश्वविद्यालय स्नातक तहको छात्रवृत्तिमा अनलाइन दरखास्त फाराम भर्ने उम्मेदवारहरुको लागि अत्यन्त जरुरी सूचना !

पोखरा विश्वविद्यालयको चारवटा संकाय(विज्ञान तथा प्रविधि समूह(क), विज्ञान तथा प्रविधि समूह(ख), व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र) को विभिन्न कार्यक्रमहरुमा नियमानुसार छात्रवृत्तिमा अध्ययन अध्यापन गराउन मिति २०७८।०८।०५ गते आइतबारका दिनदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०७८।०८।२५ गते शनिबारसम्म रहने व्यहोरा सर्बप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । हालसम्म अनलाइन दरखास्त फाराम भरी आफ्नो प्रोफाइल सेटअप गर्ने अधिकांश उम्मेदवारहरु र अब दरखास्त दिने उम्मेदवारहरुले स्नातक तह छात्रवृत्ति छनोट समितिले सूचनामा उल्लेख गरेको लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

१) सम्बन्धित लिङ्कमा गइ **Notice** र **instructions** को राम्रो अध्ययन गर्नुहोला ।

२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

३) आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनि विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

४) हालसम्म प्रोफाइल सेटअप गर्ने अधिकांश उम्मेदवारहरुले सार्वजनिक विद्यालय अध्ययनको सिफारिस जिल्ला शिक्षा समन्वय कार्यालय, पालिका, वडा कार्यालय र अध्ययन गरेको विद्यालयबाट सिफारिस गराइ पेश गरेको पाइएकोले उक्त सिफारिसहरु कुनै पनि मान्य नहुने व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । हालसम्म प्रोफाइल सेटअप गर्ने कसैको पनि फाराम अपडेट नगरिएको हुदा सम्बन्धित उम्मेदवारहरुले नमिलेको सिफारिस पत्रलाई हटाइ नियमानुसार पेश गर्नुपर्ने सिफारिस पत्र पुन: पेश गर्न समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

५) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

६) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जे मा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

स्नातक तह छात्रवृत्ति छनोट समिति, २०७८
पोखरा विश्वविद्यालय

P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039